नेपाली राजदूतावास
**EMBASSY OF NEPAL**
Kuala Lumpur, Malaysia

## मनोपरामर्श कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरुलाई दर्खास्त आव्हान सम्बन्धी सूचना।

*प्रथम पटक सूचना प्रकाशन मिति २०८१/६/२९*

मलेसियामा रहेका नेपाली श्रमिकहरुको गुनासो सुन्ने, मानसिक तनाव व्यक्त गर्ने माध्यम सृजना गर्ने, स्वास्थ्य, सुरक्षा एवं सचेतना अभिवृद्धि गरी वैदेशिक रोजगारीलाई सहज र सुरक्षित बनाउन अनलाइन मार्फत परामर्श सेवा प्रदान गर्न इच्छुक, व्यवसायिक एवं certified नेपालस्थित मनोपरामर्शदाताहरुलाई quotation सहित Expression of Interest यस नेपाली राजदूतावास, क्वालालम्पुरको इमेल: eonkualalumpur@mofa.gov.np मा मिति २०८१/७/१३ तदनुसार २९ अक्टोबर २०२४ सम्म सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**सेवाको विवरण**

- नेपाली राजदूतावास, क्वालालम्पुरको सामाजिक सञ्जालहरु मार्फत नेपाली श्रमिकहरुको स्वास्थ्य र सुरक्षा एवं आर्थिक सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरु प्रसारण गर्ने । उक्त कार्यक्रममा चिकित्सक, मनोसामाजिक परामर्शदाता, श्रम विषय विज्ञ, वित्तीय विज्ञ, तथा अन्य माग र आवश्यकता अनुसार विषय विज्ञलाई समेटेर एक आर्थिक बर्षमा कम्तिमा आठ वटा अंक प्रसारण गर्नु पर्नेछ ।

- मलेसियामा नेपाली श्रमिकको संख्या करिब ४ लाख भएको सन्दर्भमा प्रति महिना अनुमानित एक सय जना नेपाली श्रमिकहरुलाई अनलाइन प्रणाली मार्फत आवश्यकता अनुसार एकल (one to one) मनोसामाजिक परामर्श सेवा प्रदान गर्नु पर्नेछ ।

- माथि उल्लिखित सेवाहरु प्रदान गर्न इच्छुक संस्थाले प्रति अंक र प्रति व्यक्ति परामर्श सेवा वापतको अनुमानित शुल्क खुलाई quotation पेश गर्नु पर्नेछ ।

नेपाली राजदूतावास, क्वालालम्पुर ।

नेपाली राजदूतावास
क्वालालम्पुर